बैठक नं. ७/(२०८०-२०८१)/

आज मिति २०८० साल फाल्गुन २१ गते भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्ती ज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक वसी निम्नानुसार निर्णय गरियो।

**उपस्थिति**

| क्र स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | |
| २ | श्री सिता जैसी | नगर उप प्रमुख | |
| ३ | श्री दिपक राना | वडा अध्यक्ष | |
| ४ | श्री भीम बहादुर कार्की | वडा अध्यक्ष | |
| ५ | ~~श्री लिला बहादुर शाह~~ गणेश कुमारी शाह | का.वा. वडा अध्यक्ष | |
| ६ | श्री बसन्त प्रसाद शर्मा | वडा अध्यक्ष | |
| ७ | श्री लाल बहादुर चन्द | वडा अध्यक्ष | |
| ८ | श्री शशिराम बुढा | वडा अध्यक्ष | |
| ९ | श्री दिप बहादुर शाही | वडा अध्यक्ष | |
| १० | श्री वीर बहादुर चन्द | वडा अध्यक्ष | |
| ११ | श्री हिरा प्रसाद शर्मा | वडा अध्यक्ष | |
| १२ | ~~श्री दल बहादुर राना~~ पुतला विक | का.वा. वडा अध्यक्ष | |
| १३ | श्री लक्ष्मी प्रसाद जैसी | वडा अध्यक्ष | |
| १४ | ~~श्री भक्त बहादुर मल्ल~~ मिना रानी | का.वा. वडा अध्यक्ष | |
| १५ | श्री यज्ञ बहादुर बटाला | वडा अध्यक्ष | |
| १६ | श्री लिला देवी गौतम वि.क | कार्यपालिका सदस्य | |
| १७ | श्री मोती नेपाली | कार्यपालिका सदस्य | |
| १८ | श्री सृजना घर्ती | कार्यपालिका सदस्य | |
| १९ | श्री भिम कुमारी पुन | कार्यपालिका सदस्य | |
| २० | श्री काली खत्री | कार्यपालिका सदस्य | |
| २१ | श्री मनिराम दमाई | कार्यपालिका सदस्य | |
| २२ | श्री गोपाल लोहार | कार्यपालिका सदस्य | |
| २३ | श्री डोटे नेपाली बादी | कार्यपालिका सदस्य | |
| २४ | श्री दल बहादुर घर्ती | नि प्रमुख प्रशासकीय अधिकृत | |
| | आमन्त्रित | | |
| २५ | प्रकाश कुमार शाही | अधिकृत | |
| २६ | अनिश शाह | अधिकृत | |
| २७ | सुर्य प्रसाद लम्साल | अधिकृत | |
| २८ | राजेन्द्र बहादुर कठायत | लेखापाल | |
| २९ | श्रवण कुमार शर्मा | आ ले प | |
| ३० | यज्ञनाथ गौतम | सि.अ.हे.व | |
| ३१ | चित्र ब. वली | प्री. प | |

मिति २०८०।११।२१ को कार्यपालिका बैठकका निर्णयहरु:

१. कर्णाली प्रदेश सरकारको आ. व. २०८१।०८२ मा समपुरक तथा बिशेष अनुदान सहयोगमा संचालन गर्नको लागि तपसिल बमोजिमका योजना तथा कार्यक्रम सिफारिस गर्ने:

तपसिल:

१. समपुरक अनुदानतर्फ:

क. नेटीबजार रुपाकोट मिथेंग्रा मेलटाकुरी सडक निर्माण वडा नं. ५, ६ र ७

ख. रंगशाला निर्माण वडा नं. १३, कुदु

ग. डाब्का कभर्ड हल निर्माण वडा नं ५ काफलचौर

२. बिशेष अनुदानतर्फ:

क. लागु औषध दुर्व्यसन नियन्त्रण तथा रोकथाम अभियान

ख. बालमैत्री नगर घोषणा अभियान

ग. पोषणमैत्री नगर घोषणा अभियान

२. नगरपालिका क्षेत्रमा बसोबास गर्ने बिशेष गरी युवाहरुमा बढ्दै गएको लागु औषध दुर्व्यसन नियन्त्रण तथा रोकथाम गर्नका लागि भेरी नगरपालिकाको **लागु औषध दुर्व्यसन नियन्त्रण तथा रोकथाम कार्यक्रम संचालन सम्बन्धी मार्गदर्शन २०८०**, आकस्मिक रुपमा आईपर्ने बिपद्को जोखिम घटाउन तथा आईपरेमा राहत उध्दार तथा ब्यवस्थापनका लागि भेरी नगरपालिकाको **विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०८० र बालपोषण भत्ता सम्बन्धी अभिभावक सचेतना कार्यक्रम सञ्चालन मापदण्ड, २०८०** स्वीकृत गर्ने ।

३. यस चालु आ. व. मा लागु औषध दुर्व्यसन नियन्त्रण तथा रोकथाम कार्यक्रमका लागि संघीय तथा प्रदेश सरकारबाट प्राप्त बिशेष अनुदानबाट संचालन गर्न देहाय बमोजिमको कार्यक्रम स्वीकृत गर्ने र सरोकारवाला सबैको सहयोग साझेदारी तथा समन्वयमा प्रभावकारी रुपमा संचालन गर्ने ।

तपसिल:

लागुऔषध दुर्व्यसन नियन्त्रण एवं रोगथामकालागि युवाजागरण तथा परिचालन कार्यक्रम (कार्यक्रम सहितको वजेट ब्रेकडाउन)

| क्र.स. | कार्यक्रम | क्रियाकलाप | | वजेट | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| १ | लागु औषधको अवैध खेती उत्पादन ओसारपसार वेचविखन नियन्त्रण | क | लागु औषध उत्पादन क्षेत्र र खेती हुने स्थानको पहिचान गर्ने | ५०००० | नगरपालिका+ स्थानीय प्रशासन+बाल संजाल र युवा क्लव |
| | | ख | लागु पदार्थको ओसारपसार तथा अवैध खेतीलाई निरुत्साहित गर्न चेतनामुलक जागरण कार्यक्रम संचालन गर्ने | १००००० | नगरपालिका+ स्थानीय प्रशासन+बाल संजाल र युवा क्लव |
| | | ग | स्थानीय स्तरमा दवाब समुह गठन तथा परिचालन गर्ने | १००००० | नगरपालिका+ स्थानीय प्रशासन+बाल संजाल र युवा क्लव |

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | घ | नगरपालिका क्षेत्रभित्र लागू औषधको कारोबार तथा प्रयोग हुन सक्ने सम्भाव्य क्षेत्र तथा सीमा नाकामा आकस्मिक अनुगमन तथा निरीक्षण गर्ने | १००००० | नगरपालिका+ स्थानीय प्रशासन+वाल संजाल र युवा क्लव |
| | | ङ | लागु औषध नियन्त्रण तथा मदिरा विक्रि वितरण व्यवस्थित गर्न रोकथामूलक कार्यक्रम सञ्चालन गर्ने | १००००० | नगरपालिका+ स्थानीय प्रशासन+वाल संजाल र युवा क्लव |
| | | | जम्मा | ४५०००० | |
| २ | दुर्व्यसनीका कारण जोखिममा परेका युवा तथा अन्य समुहको पहिचान | क | जोखिममा रहेका युवाहरुको पहिचान र वर्गिकरण गर्ने | ५०००० | नगरपालिका + स्थानीय प्रशासन+विभिन्न संस्थाहरु+ आमा समुह+बालसंजाल र युवा क्लव |
| | | ख | विद्यार्थीहरुको आचरण तथा व्यवहारको परिक्षणको लागि विद्यालय तथा अभिभावकलाई अभिप्रेरित गर्न अनुशिक्षण कार्यक्रम सञ्चालन गर्ने | २००००० | नगरपालिका + स्थानीय प्रशासन+विभिन्न संस्थाहरु |
| | | ग | विभिन्न मनोपरामर्श, उत्प्रेरणात्मक कक्षा तथा उपचारको प्रवन्ध गर्ने | १००००० | नगरपालिका + स्थानीय प्रशासन+विभिन्न संस्थाहरु |
| | | घ | समुदायमा आधारित संघ संस्थाहरुलाई परिचालन गर्ने | ५०००० | नगरपालिका + स्थानीय प्रशासन+विभिन्न संस्थाहरु |
| | | | जम्मा | ४००००० | |
| ३ | विद्यालय तथा युवामा आधारित सचेतना कार्यक्रम संचालन | क | माध्यमिक र आधारभूत तह(६-८) का प्रअ र विव्यस अध्यक्ष र सामाजिक विषयका शिक्षकहरुलाई लागु औषधसम्बन्धी प्रशिक्षण गर्ने | २५०००० | नगरपालिका +युवा समुह+सामुदायिक विद्यालयहरु+बाल क्लव |
| | | ख | लागू पदार्थको दुष्परिणामबारे माध्यमिक विद्यालयहरुमा सडक नाटक कार्यक्रम सञ्चालन | ५००००० | नगरपालिका +युवा समुह+सामुदायिक विद्यालयहरु+बाल क्लव |
| | | ग | लागू औषध सम्भावित जोखिम न्यूनिकरण गर्न बाल क्लव पदाधिकरी, जनप्रतिनिधि, शिक्षक र खेलाडी विद्यार्थीहरु मार्फत प्रचार प्रचारका लागि जर्सी/टिसर्ट छपाई तथा वितरण | १०००००० | नगरपालिका |
| | | घ | अन्तर विद्यालय स्तरीय विद्यार्थी तथा युवाहरुका लागि विभिन्न खेलकुद लगायत अन्य प्रतियोगिता संचालन गर्ने। | ५००००० | नगरपालिका +युवा समुह+सामुदायिक विद्यालयहरु+बाल क्लव |
| | | ङ | नमुना युवा संसद अभ्यास कार्यक्रम संचालन गर्ने | ३००००० | नगरपालिका+ युवा क्लव |
| | | | जम्मा | २५५०००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | लागु औषधको माग घटाउनको लागि समुदायमा आधारित कार्यक्रम संचालन गर्ने | क | वाल क्लव, युवा क्लव, आमा समुह, दवाव समुह लगायत अन्य संघ संस्थाहरुलाई परिचालन गरि सचेतनामुलक कार्यक्रम संचालन गर्ने | २००००० | नगरपालिका, युवा क्लव, वाल क्लव, महिला स्वयंसेविका र आमा समुह |
| | | ख | विभिन्न पेशागत समुहलाई जनचेतनामुलक कार्यक्रममा प्रत्यक्ष रुपमा सहभागि गराउने कार्यक्रम | १००००० | नगरपालिका, युवा क्लव, वाल क्लव, महिला स्वयंसेविका र आमा समुह |
| | | ग | लागु औषध दुर्व्यसनवाट मुक्त पुर्नस्थापित व्यक्ति तथा विज्ञवाट अनुभव आदान प्रदान कार्यक्रम | १००००० | नगरपालिका, विभिन्न संघ संस्थाहरु |
| | | | जम्मा | ४००००० | |
| ५ | लागु औषध विरुद्धको अभियनमा आमसंचारका माध्यमलाई परिचालन | क | जनचेतना मुलक सामग्रीको प्रकाशन प्रसारण मुलक कार्यक्रम संचालन | १५०००० | नगरपालिका, विभिन्न संचार माध्यमहरु |
| | | ख | लागु औषध सम्वन्धि सचेतनामुलक कार्यक्रम उत्पादन गर्न विभिन्न व्यक्ति संघ संस्थालाई प्रोत्साहन गर्ने | ५०००० | नगरपालिका |
| | | ग | लागु औषध विरुद्धको अभियानमा उत्कृष्ट योगदान पुर्याउने व्यक्ति तथा संचार माध्यमलाई पुरस्कृत तथा प्रोत्साहन गर्ने | ५०००० | नगरपालिका |
| | | घ | लागु औषध दुर्व्यसनी तथा रोकथामका लागि गरिएको अभियानको डकोमेन्ट्री निर्माण गर्ने | ३००००० | नगरपालिका |
| | | | जम्मा | ५५०००० | |
| ६ | पुनर्स्थापन केन्द्र संचालन | क | सरकारी तथा गैरसरकारी संस्थाको सहकार्यमा पुनर्स्थापन केन्द्र संचालन उद्दार तथा व्यवस्थापन | १०००००० | नगरपालिका, स्थानीय प्रशासन र विभिन्न संघ संस्थाहरु |
| | | ख | प्रस्तावित रानागाउँ कभर्डहल | १५००००० | नगरपालिका |
| | | ग | योग र ध्यान शिविर संचालन गर्ने। | १५०००० | नगरपालिका |
| | | | जम्मा | २६५०००० | |
| ७ | सामाजिक पुनरएकिकरण कार्यक्रम संचालन | क | जिवनोपयोगी कार्यक्रम संचालन गर्ने | ५००००० | नगरपालिका , विभिन्न संघ संस्थाहरु |
| | | ख | लागु औषध प्रयोगकर्ताहरु बीच अन्तरक्रिया | १००००० | नगरपालिका , विभिन्न संघ संस्थाहरु |
| | | ग | प्रयोगकर्ताप्रतिको सामाजिक भेदभाव हटाउन परिवार र समुदायको सहभागितामा चेतनामुलक कार्यक्रम संचालन गर्ने | १००००० | नगरपालिका , विभिन्न संघ संस्थाहरु |
| | | | जम्मा | ७००००० | |
| ८ | लागु औषध नियन्त्रण कार्यक्रमको | क | कर्मचारी परिचालनको लागि आवश्यक क्षमता अभिवृद्धि तालिम संचालन गर्ने | ३००००० | नगरपालिका |

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | सुदृढिकरण र क्षमता अभिवृद्धि | ख | विभिन्न दातृ निकायबाट प्राप्त रकमले कोष स्थापना गरी युवाहरुको रोजगारी सिर्जनामा लगानी गर्ने | ४००००० | नगरपालिका + विभिन्न संघ संस्थाहरु |
| | | ग | तिनै तहका सरकार तथा गैरसरकारी निकायको सहयोगमा कोष स्थापना गरी उक्त कोष संचालनको लागि आवश्यक कार्यविधि र मापदण्ड तयार गर्ने। | १००००० | नगरपालिका +स्थानीय प्रशासन र विभिन्न संघ संस्थाहरु |
| | | घ | लागू औषध नियन्त्रणमा असल अभ्यास गरेका स्थानीय तहको अवलोकन भ्रमण | ५००००० | नगरपालिका |
| | | ङ | बैठक व्यवस्थापन | ५००००० | नगरपालिका |
| | | च | लागू औषध दुर्व्यसन नियन्त्रणका लागि योजना निर्माण गर्ने । | १००००० | नगरपालिका + विभिन्न संघ संस्थाहरु |
| | | | जम्मा | १९००००० | |
| | | | कार्यक्रम अनुगमन, मुल्याङ्कन तथा विविध ( यातायात, ईन्धन खर्च समेत) | ४००००० | |
| | | | कुल जम्मा | १०००००००० | एक करोड मात्र |

४. यस चालु आ. व. मा संचालन हुने शहरी शासकीय तथा पूर्वाधार आयोजना NUGIP तर्फका योजनाहरु २०८० फाल्गुन मसान्तभित्रमा संझौता गरी संचालन गर्नु पर्ने भएकोले सबै वडाहरुले प्रक्रिया पुरा गरी पठाउन जानकारी गराउने ।

५. भू उपयोग ऐन २०७६ र नियमावली २०७९ ले तोकेको मापदण्ड र यस नगरपालिकाको भु उपयोग कार्यविधी २०७९ बमोजिम यस नगरकार्यपालिकाको मिति २०७९।१०।२५ गतेको निर्णय बमोजिम जग्गाको बर्गिकरण गर्दा वडा नं ५ र ११ मा पर्ने काफलचौर क्षेत्रको जग्गा कृषि क्षेत्र कायम गरिकोमा सो स्थान जाजरकोट बहुप्राविधिक शिक्षालय, बिजय मा वि रहेको साथै कभर्डहल निर्माणाधिन अवस्थामा रहेको र उक्त स्थानमा आवासिय घरहरु निर्माण हुने क्रम बढेको देखिएकोले वडा समितिको सिफारिस बमोजिम उक्त क्षेत्रलाई कृषि क्षेत्र संशोधन गरी आवास क्षेत्र कायम गर्ने र सोको जानकारी सम्बन्धित निकायमा पठाउने।

६. नगरपालिका क्षेत्रमा सार्वजनिक तथा वन क्षेत्रको अतिक्रमण गरी निर्माण गरिएका संरचनाहरु हटाउन १५ दिनको म्याद दिई सूचना जारी गरिएकोमा उक्त सूचनालाई बेवास्ता वा अटेर गरी संरचना नहटाउने व्यक्तिहरुलाई त्यस प्रकारका संरचना नहटाउन्जेल नगरपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने सम्पूर्ण सेवा सुविधा रोक्का गर्ने र सबै वडाहरुले सेवा सुविधा रोक्का गरिएको सूचना जारी गर्ने ।

CS CamScanner

७. किर्डाक नेपालको सहयोगमा महिलामैत्री सुरक्षित बहुउध्देश्ययीय भवन (सेफ स्पेश) निर्माण गर्नु पर्ने भएकोले वडा नं ३ तल्लो थाप्लेमा नारी शिल्पकलाको नाउँमा दर्ता श्रेस्ता कायम रहेको कि नं २६४ को जग्गामा नगरपालिकाको स्वामित्व कायम रहने गरी लम्बाई ३० फिट चौडाई ३० फिट साईजको भवन निर्माण गर्न अनुमति दिने ।

८. यस नगरपालिकाको वडा नं २ दारखोला रिसाङ,वडा नं ५ को पासागाड खोला, वडा नं ५ र ११ को ईवरगाड खोला, वडा नं ४ र ६ को रानागाउँ नेटीबजार, वडा नं १० देखि ७ सम्मको भेरी नदी फेरा- स्याउलीबजार-बड्ग्रेखोला-घाग्रेखोला क्षेत्रबाट ढुंगा तथा माटो संकलन, विक्रिवितण तगा उत्खनन् गर्नको लागि ले पेश गरेको प्रारम्भिक वातावरणिय प्रभाव अध्ययन IEE प्रतिवेदन स्वीकृत गर्ने । साथै उक्त प्रारम्भिक वातावरणिय प्रभाव अध्ययन IEE प्रतिवेदन तयार गर्ने परामर्शदाता लाई भुक्तानी दिनु पर्ने रकम रु ६ लाख ९० हजार संघीय सरकार राजश्व बाँडफाँड अन्तर्गत परामर्श तथा अन्य सेवा शुल्क शिर्षकबाट भुक्तानी गर्ने ।

९. अस्थायी आवास निर्माणका लागि पहिलो किस्ता लिई निर्माण सम्पन्न भईसकेका लाभग्राही घरपरिवारहरुलाई कार्यविधि तथा जिल्ला विपद व्यवस्थापन समितिको निर्देशन वमोजिम भुक्तानी दिन कार्यपालिकाको मिति २०८०।९।१३ को निर्णयबाट जिम्मेवारी तोकिएका जनप्रतिनिधि तथा कर्मचारीहरुले यथाशिघ्र स्थलगत अनुगमगन गरी प्रतिवेदन पेश गर्ने ।

१०. बजेट अभावका कारण यस चालु आ व को स्वीकृत कार्यक्रममा समेट्न नसकिएका कार्यान्वयनका लागि अति आवश्यक तपसिलमा उल्लेखित कार्यक्रमका लागि देहाय बमोजिमको रकम देहाय वमोजिमको शिर्षकबाट विनियोजन गर्ने:

| क्र. सं | कार्यक्रम | ठेगाना | विनियोजित रकम रु | भुक्तानी शिर्षक |
|---|---|---|---|---|
| १. | ने. रा. आ. वि. फर्निचर निर्माण | वडा नं. ९ | २ लाख | कन्टेन्जेन्सी |
| २. | विपद् व्यवस्थापनमा भएको तेल खर्च | सशस्त्र प्रहरी बल खलंगा जाजरकोट | १ लाख | विपद् व्यवस्थापन कोष |
| | जीवन विज्ञान कार्यक्रम<br>योग समिति जीव.भोज प्रयोगशाला, जाजरकोट | खलंगा जाजरकोट | १ लाख ५० हजार | राजस्व बाँडफाँड अन्तर्गत कार्यक्रम खर्च शिर्षक |
| ४. | एम.वि.वि.एस. छात्रवृती | हिमाल वि. क. वि.पि. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान | १ लाख | " " " |
| ५. | सिंचाई पोखरी | शिध्देस्वर कृषि फर्म वडा नं २ तिलिङ्गे | १ लाख | कन्टेन्जेन्सी |

CS CamScanner

| | | | | |
|---|---|---|---|---|
| ६. | भुकम्पबाट क्षतिग्रस्त भवनहरुको भग्नावशेष हटाउदा भएको तेल खर्च । | भुकम्प प्रभावित क्षेत्रहरुमा | ४ लाख | विपद व्यवस्थापन कोष |

११. नगरपालिकाको तथा जिल्ला सदरमुकाम खलंगा वडा नं ३ र ४ मा उपलब्ध खानेपानी अझै पनि अपर्याप्त भएको र ढलको व्यवस्थित निकास नभएकोले दिगो रुपमा खानेपानी तथा ढल निकासको समस्या समाधान गर्न संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालय, सुख्खा क्षेत्र खानेपानी आयोजनामा माग गर्ने ।